प्रदेश सभा बैठक बस्दै

हेटौँडा समाचारदाता
हेटौँडा, मङ्सिर १० गते

बागमती प्रदेशका मुख्यमन्त्री किरण थापामगरले सरकारको नेतृत्व समालेपछि पहिलो पटक प्रदेश सभाको बैठक बस्ने भएको छ। प्रदेश सभाको आठौँ अधिवेशन अन्तर्गत १९ औँ बैठक आगामी मङ्सिर १५ गते दिउँसो १ बजे बस्ने गरी आह्वान गरिएको हो।

गत भदौ ९ गते मुख्यमन्त्री थापाले प्रदेश सभाबाट विश्वासको मत लिनुभएपछि प्रदेश सभाको बैठक बसेको छैन। प्रदेश सभा सचिवालयले सार्वजनिक गरेको सूचना अनुसार प्रदेश सभा नियमावली, २०७४ को नियम ६ बमोजिम उपसभामुख अप्सरा चापागाईंले बैठक आह्वान गर्नुभएको हो। लामो समयदेखि सभामुख पद रिक्त रहेको र सत्ता साझेदार दलहरूबिच सभामुख चयनका विषयमा सहमति जुट्न नसकेको अवस्थामा बस्न लागेको बैठकले यस विषयमा समेत निकास दिने अपेक्षा गरिएको छ।

चौध महिनादेखि सभामुख पद रिक्त

बागमती प्रदेश सभा विगत १४ महिनादेखि सभामुखविहीन छ। तत्कालीन सभामुख भुवनकुमार पाठकले जेनजी आन्दोलनपछि २०८२ असोज १ गते पदबाट राजीनामा दिएपछि सभामुख पद रिक्त रहेको हो। सभामुख चयनका लागि अघिल्लो सरकारले प्रयास गरे पनि सत्तारूढ दलहरूबिच सहमति जुट्न नसक्दा प्रक्रिया अघि बढ्न सकेको छैन। गत भदौमा नयाँ प्रदेश सरकार गठन भएपछि पनि सभामुख पदको टुङ्गो लगाउने प्रयास सफल हुन सकेको छैन।

सभामुख चयनका विषयमा सत्तारूढ नेकपा र एमालेबिच सहमति खोज्ने प्रयास जारी रहेको छ। प्रदेश सरकार गठनका क्रममा सभामुखसहित दुई मन्त्रालय नेकपाले र मुख्यमन्त्रीसहित तीन मन्त्रालय एमालेले लिने सहमति भएको बताइएको छ। सोही सहमति अनुसार एमालेका किरण थापामगर मुख्यमन्त्री बन्नुभएको हो।

अहिले सभामुख पदको भागबन्डा तथा चयन प्रक्रियालाई टुङ्गोमा पुऱ्याउन एमाले, नेकपा र राप्रपाबिच छलफल भइरहेको सत्ता गठबन्धननिकट स्रोतले जनाएको छ। सभामुख पद लामो समयदेखि रिक्त रहँदा प्रदेश सभाको संसदीय नेतृत्व र कार्यसम्पादनमा समेत प्रश्न उठ्दै आएको छ। आगामी बैठकमा सभामुख चयनको विषयले प्रवेश पाउने वा नपाउने भन्ने विषय भने स्पष्ट भइसकेको छैन।

नारायणीको बाढी नियन्त्रण गर्न अध्ययन सुरु



तस्बिर : शालिग्राम नेपाल

नारायणगढको पशुपति गौरेश्वर मन्दिर क्षेत्रमा नदीले कटान गरेको स्थान अध्ययन गर्दै प्राविधिक टोली ।

चितवन समाचारदाता
चितवन, मङ्सिर १० गते

नारायणी नदी तटीय क्षेत्रको सुरक्षाका लागि नयाँ तटबन्ध निर्माण गर्न प्राविधिक टोलीले स्थलगत अध्ययन सुरु गरेको छ। पुल्चोक इन्जिनियरिङ क्याम्पसका प्राध्यापक डा. नरेन्द्रमान शाक्यको नेतृत्वमा आएको प्राविधिक टोलीले नारायणगढ बजारको उत्तरतर्फ रहेको जोरकुसुम, देवघाट क्षेत्र तथा नारायणी नदीको दुवै किनारका विभिन्न स्थानमा स्थलगत अध्ययन गरेको हो। टोलीले चितवन र नवलपरासी दुवै जिल्लाका नदी तटीय क्षेत्रको अवस्था, कटानको जोखिम, नदीको बहाव र तटबन्ध निर्माणको सम्भावनाबारे अध्ययन गर्ने जनाएको छ।

नारायणी नदीको बाढी र कटानबाट दुवै जिल्लाका बस्ती जोगाउन चितवनतर्फ १५ किलोमिटर र नवलपरासीतर्फ ४५ किलोमिटर गरी करिब ६० किलोमिटर तटबन्ध आवश्यक रहेको प्रारम्भिक अध्ययनले देखाएको छ। यसका लागि २२ अर्ब रुपियाँभन्दा बढी खर्च लाग्ने अनुमान गरिएको छ।

गत असोज ११ र १२ गते आएको बाढीले नारायणी नदीको बहाब बढाउँदा नारायणगढ बजारको उत्तरतर्फ रहेको पशुपति गौरेश्वर मन्दिर क्षेत्रको संरक्षणका लागि निर्माण गरिएको संरचनामा क्षति पुगेको थियो। नदीको बहाबले रोकथामका संरचना भत्काएपछि नारायणीको पानी बजारक्षेत्रमा पस्न सक्ने जोखिम बढेको भन्दै स्थानीयवासी चिन्तित छन्।

स्थलगत अध्ययनपछि आयोजित छलफलमा नदी तटीय क्षेत्रका स्थानीयवासी, जनप्रतिनिधि तथा सरोकारवालाले दीर्घकालीन समाधान हुने गरी तटबन्ध निर्माण गर्न सुझाव दिएका छन्। उनीहरूले नदीको बिचभागमा रहेका साना टापु, मजुवा तथा नदीको प्राकृतिक बहाबमा अवरोध पुऱ्याउने संरचनाको वैज्ञानिक व्यवस्थापन गर्नुपर्नेमा जोड दिएका छन्। भरतपुर महानगरपालिकाका कार्यवाहक नगरप्रमुख चित्रसेन अधिकारीले नदीको प्राकृतिक बहाबलाई अवरुद्ध नगरी बजार तथा बस्तीको सुरक्षाका उपाय अपनाउनुपर्ने बताउनुभयो। उहाँले नारायणी नदीमा पछिल्लो ७० वर्षयताकै ठुलो बाढी आएको उल्लेख गर्दै त्यसबाट दक्षिणतर्फ निर्माणाधीन करिब २० किलोमिटर तटबन्धमध्ये साढे दुई किलोमिटरमा क्षति पुगेको जानकारी दिनुभयो। उहाँले क्षतिग्रस्त तटबन्धको पुनर्निर्माणसँगै जोखिमयुक्त नयाँ स्थानमा समेत तटबन्ध विस्तार गर्नुपर्ने बताउनुभयो।

गैँडाकोट नगरपालिकाका प्रमुख मदनभक्त अधिकारीले नदीको बिचभागमा रहेका मजुवा तथा टापुहरूको वैज्ञानिक व्यवस्थापन गरी नदीको बहाब क्षेत्र खुला राख्नुपर्ने बताउनुभयो। आगामी दिनमा निर्माण हुने तटबन्धले चितवन र नवलपरासीतर्फका मानवबस्ती पूर्ण रूपमा सुरक्षित हुने गरी योजना बनाउनुपर्ने उहाँले बताउनुभयो।

नेपाल उद्योग वाणिज्य महासङ्घका केन्द्रीय सदस्य सुमनकुमार श्रेष्ठले अस्थायी सुरक्षा व्यवस्थाका कारण मात्रै नारायणगढ बजार जोगिएको उल्लेख गर्दै अब स्थायी तटबन्ध निर्माण गर्नुपर्ने बताउनुभयो। प्राविधिक टोलीका प्रमुख डा. शाक्यले प्राविधिक अध्ययनबाट प्राप्त निष्कर्ष र स्थानीयवासीले भोगेका समस्यालाई समान महत्त्व दिएर तटबन्ध निर्माणको योजना तयार पारिने बताउनुभयो। करिब ५० वर्षअघिको नदीको बहाब र अहिलेको अवस्थाबिच तुलना गरी नदीको धार परिवर्तन, कटान र बहाबको अवस्थाबारे विस्तृत अध्ययन गरिने उहाँले जानकारी दिनुभयो।

सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना कार्यालय, भरतपुरका प्रमुख डा. नारायण सुवेदीले स्थानीयको माग अनुसार प्राविधिक टोली ल्याएर अध्ययन सुरु गरिएको जानकारी दिनुभयो। टोलीले केही दिन चितवन र नवलपरासीका विभिन्न जोखिमयुक्त क्षेत्रमा अध्ययन गरेपछि तटबन्ध निर्माणको डिजाइन तथा योजना तयार गर्ने उहाँले बताउनुभयो।

सिन्धुलीका सबै स्थानीय तहका आफ्नै भवन

सिन्धुली समाचारदाता
सिन्धुलीमाढी, मङ्सिर १० गते

सिन्धुलीका नौ वटै स्थानीय तहले आफ्नै प्रमुख प्रशासनिक भवनबाट नागरिकलाई सेवा प्रवाह गर्ने भएका छन्। घ्याङलेख गाउँपालिकाले नवनिर्मित सुविधासम्पन्न प्रशासनिक भवनबाट एकीकृत रूपमा सेवा सञ्चालन सुरु गरेसँगै जिल्लाका सबै स्थानीय तह आफ्नै प्रशासनिक भवनबाट सेवा दिने अवस्थामा पुगेका हुन्। घ्याङलेख गाउँपालिका–२, बस्तीपुर हायुटारमा निर्माण गरिएको नयाँ प्रशासनिक भवन बुधबार उद्घाटन गरिएको हो। भवन उद्घाटनसँगै गाउँपालिकाका सबै शाखाको सेवा एउटै भवनबाट सञ्चालनमा आएको गाउँपालिकाले जनाएको छ।

सिन्धुलीमा कमलामाई र दुधौली नगरपालिका तथा घ्याङलेख, गोलन्जोर, मरिण, फिक्कल, सुनकोशी, हरिहरपुरगढी र तीनपाटन गाउँपालिका गरी नौ वटा स्थानीय तह छन्। कमलामाई नगरपालिकासँग सुरुदेखि नै आफ्नै प्रशासनिक भवन रहेकामा अन्य स्थानीय तहले पनि भवन निर्माण गरी सेवा सञ्चालनमा ल्याएका हुन्।

घ्याङलेख गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत दाताराम प्याकुरेलका अनुसार भवनको उद्घाटन जग्गादाताम्ध्ये ज्येष्ठ सदस्य ८२ वर्षीय औतारसिं भोलनले गर्नुभएको थियो। उद्घाटनपछि बिहीबारदेखि नयाँ भवनबाट नियमित सेवा प्रवाह सुरु गरिएको उहाँले जानकारी दिनुभयो। भवन निर्माणका लागि औतारसिं भोलन, कालध्वज भोलन, मानकुमारी भोलन र अर्कबहादुर वाइबाले आठ/आठ आना जग्गा निःशुल्क उपलब्ध गराउनुभएको थियो। भवन उद्घाटन समारोहमा जग्गादातालाई सम्मानसमेत गरिएको गाउँपालिकाले जनाएको छ।

गाउँपालिकाका अध्यक्ष जगतबहादुर भोलनले नयाँ भवनबाट सबै शाखाको सेवा एकीकृत रूपमा सञ्चालन हुँदा नागरिकलाई सहज र छिटोछरितो सेवा प्राप्त हुने बताउनुभयो। एउटै भवनबाट सेवा सञ्चालन हुँदा कार्यालय व्यवस्थापन प्रभावकारी हुनुका साथै सुशासन, पारदर्शिता र जवाफदेहिता कायम गर्नसमेत सहयोग पुग्ने उहाँको भनाइ छ। गोलन्जोर र फिक्कल गाउँपालिकाले पनि आफ्नै प्रशासनिक भवन निर्माण गरी सेवा सञ्चालनमा ल्याएका छन्। गोलन्जोर गाउँपालिकाले गत साउनदेखि र फिक्कल गाउँपालिकाले गत वर्ष माघदेखि नयाँ प्रशासनिक भवनबाट सेवा सुरु गरेका हुन्।

डा. केसीसँगको सम्झौताबारे छलफल

गोरखापत्र समाचारदाता
काठमाडौँ, मङ्सिर १० गते

चिकित्सा शिक्षाक्षेत्रको सुधार तथा विगतमा भएका सहमति र सम्झौता कार्यान्वयन गर्ने विषयमा सरकारले सरोकारवालासँग छलफल अघि बढाएको छ। प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलको उपस्थितिमा भएको छलफलमा चिकित्सा शिक्षा सुधारका लागि चाल्नुपर्ने नीतिगत कदम र कार्यान्वयन हुन बाँकी सम्झौताका विषयमा समीक्षा गरिएको हो।

छलफलमा प्रधानमन्त्रीका स्वास्थ्य सल्लाहकार प्राडा जगदीशप्रसाद अग्रवाल, चिकित्सा शिक्षा आयोगका उपाध्यक्ष प्राडा देवेन्द्रबहादुर खत्री, शिक्षामन्त्रीका सल्लाहकार शैलेन्द्र झा तथा प्रधानमन्त्री कार्यालय र शिक्षा मन्त्रालयका उच्च अधिकारीको सहभागिता थियो। बैठकमा वरिष्ठ चिकित्सक डा. गोविन्द केसीसँग भएका सम्झौता तथा चिकित्सा शिक्षा सुधारका लागि विगतमा गरिएका प्रतिबद्धता कार्यान्वयनलाई विशेष प्राथमिकता दिइएको थियो। छलफलमा वीरगन्जस्थित नेसनल मेडिकल कलेजमा विद्यार्थी र कलेज व्यवस्थापनबिच देखिएको विवाद समाधानका लागि समिति गठन गरी पठाउने विषयमा सहमति जुटेको जनाइएको छ।

चिकित्सा शिक्षा अध्ययन गर्ने विद्यार्थीलाई सहुलियतपूर्ण ऋण उपलब्ध गराउने विषयमा पनि छलफल भएको छ। यस्तै कैलालीको गेटास्थित सहिद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालयसम्बन्धी कानुनी व्यवस्थामा अध्यादेशमार्फत संशोधन प्रक्रिया अघि बढाउने विषयले समेत बैठकमा प्राथमिकता पाएको थियो। बैठकमा शिक्षामन्त्री पोखरेलले चिकित्सा शिक्षा सुधारका क्रममा देखिएका समस्या नीतिगत रूपमा सम्बोधन गर्न सरकार प्रतिबद्ध रहेको बताउनुभयो। उहाँले डा. केसीसँग भएका सम्झौता कार्यान्वयनका लागि मन्त्रालयले सम्बन्धित निकायसँग समन्वय र सहकार्य गर्ने स्पष्ट पार्नुभयो। उहाँले चिकित्सा शिक्षाको गुणस्तर अभिवृद्धि गर्दै यस क्षेत्रमा विद्यार्थीको आकर्षण बढाउन चिकित्सा शिक्षा आयोगलगायत सम्बन्धित संस्थाबिच प्रभावकारी समन्वय आवश्यक रहेको बताउनुभयो।

मतदान केन्द्र पुनरवलोकन गरिने

दोलखा समाचारदाता
दोलखा, मङ्सिर १० गते

दोलखाका नौ वटै स्थानीय तहमा रहेका १७ वटा मतदान केन्द्र पुनरवलोकन गरिने भएको छ। जिल्ला मतदान स्थल तथा मतदान केन्द्र सिफारिस समितिले भौगोलिक अवस्था, भौतिक संरचना, मतदाताको सङ्ख्या र पायक पर्ने स्थानलगायतका आधारमा ती केन्द्रको पुनरवलोकन गर्ने निर्णय गरेको हो। निर्वाचन आयोगबाट प्राप्त 'मतदान स्थल तथा मतदान केन्द्र पुनरवलोकन कार्यक्रम, २०८३' र 'मतदान स्थल तथा मतदान केन्द्र निर्धारण कार्यविधि, २०८१' अनुसार समितिको बैठकले पुनरवलोकन प्रक्रिया अघि बढाउने निर्णय गरेको छ। पुनरवलोकनका क्रममा आवश्यकता अनुसार मतदान केन्द्र सार्ने, गाभ्ने, टुक्र्याउने वा उचित व्यवस्थापन गर्ने तयारी गरिएको छ।

निर्वाचन कार्यालय दोलखाका सूचना अधिकारी विशाल केसीका अनुसार जिल्लाका सबै स्थानीय तह अन्तर्गतका वडा मतदान स्थल तथा मतदान केन्द्र सिफारिस समितिलाई आआफ्ना क्षेत्रका केन्द्रबारे छलफल गरी १० दिनभित्र सिफारिस पठाउन पत्राचार गर्ने निर्णय भएको छ। समितिको प्रारम्भिक अध्ययन अनुसार केही मतदान केन्द्र साँघुरा, कम्पाउन्ड वाल नभएका, एकान्त तथा खुला स्थानमा रहेका छन्। कतिपय केन्द्रमा मतदाता सङ्ख्या धेरै भएको, विद्यालय गाभिएपछि भौतिक संरचना अपर्याप्त भएको र केही मतदातालाई मतदान स्थल अपायक परेको पाइएको सूचना अधिकारी केसीले बताउनुभयो।

पुनरवलोकनका लागि भीमेश्वर नगरपालिकाका तीन, वैतेश्वर गाउँपालिकाका तीन, कालिञ्चोक, गौरीशङ्कर, तामाकोशी र मेलुङ गाउँपालिकाका दुई/दुई तथा जिरी नगरपालिका, बिगु र शैलुङ गाउँपालिकाका एक/एक मतदान केन्द्र छनोट भएका छन्। भीमेश्वर नगरपालिका–१ स्थित क्षमावती माध्यमिक विद्यालय, सुप्पाक्षमावतीमा केही मतदातालाई मतदान गर्न अपायक परेको छ। वडा नं. ६ स्थित वडा कार्यालय भवन, चोथाङमा मतदाता सङ्ख्या धेरै भएकाले केन्द्र टुक्र्याउनुपर्ने देखिएको छ। वडा नं. ४ स्थित सेतीदेवी प्राथमिक विद्यालय, बर्गैंचा (जिलु) को विद्यालय गाभिएपछि भौतिक संरचना अपर्याप्त भएकाले केन्द्र सार्ने वा गाभ्ने विकल्प अघि सारिएको छ।

वैतेश्वर गाउँपालिका–१ स्थित वडा कार्यालय भवन, गैरीमुदी, वडा नं. ५ को वडा कार्यालय भवन, मैनापोखरी र वडा नं. ८ को वडा कार्यालय भवन क्षेत्र खुला रहेकाले अन्यत्र सार्न सिफारिस गरिएको सूचना अधिकारी केसीले बताउनुभयो। कालिञ्चोक गाउँपालिका–१ स्थित वडा कार्यालय भवन बेगुम्पा साँघुरो र कम्पाउन्ड वाल नभएको तथा वडा नं. ७ स्थित सूर्योदय प्राथमिक विद्यालय भदौरे पनि साँघुरो र घेराबार नभएका कारण सार्न वा आवश्यकता अनुसार टुक्र्याउनुपर्ने देखिएको छ।

मतदाता नामावलीबाट हटाइयो नाम

जिल्ला निर्वाचन कार्यालय दोलखाले मतदाता नामावली शुद्धीकरण अभियान अन्तर्गत जिल्लाका तीन हजार ६२१ जनाको नाम मतदाता नामावलीबाट हटाएको छ। दोहोरो नाम दर्ता भएका तथा मृत्यु भइसकेका व्यक्तिको विवरण अद्यावधिक गर्ने क्रममा आर्थिक वर्ष २०८३/८४ को पहिलो त्रैमासिक अवधिमा उक्त सङ्ख्यामा नाम कट्टा गरिएको हो। निर्वाचन कार्यालय दोलखाका सूचना अधिकारी विशाल केसीका अनुसार साउनदेखि असोजसम्मको अवधिमा दोहोरो नाम दर्ता भएका एक हजार ४६१ जनाको नाम हटाइएको छ। त्यस्तै मृत्यु भएका दुई हजार १६० जनाको नाम लगत कट्टा गरिएको छ। सोही अवधिमा मतदाता नामावलीमा रहेको विवरण सच्याउन तथा अद्यावधिक गर्न ४०८ जनाले निवेदन दिएका छन्। कार्यालयका अनुसार नाम तथा विवरणमा त्रुटि सच्याउन ११६ जना, बसाइँसराइ तथा ठाउँसारीका लागि २६२ जना र विभिन्न कारणले नाम रद्द भएका ३० जनाको विवरण अद्यावधिक गरिएको छ।

नाम कटौतीसँगै नयाँ मतदाता थपिने क्रम पनि जारी छ। पहिलो त्रैमासिक अवधिमा जिल्ला निर्वाचन कार्यालयबाट १३५ महिला र २०१ पुरुष गरी ३३६ जनाले फोटोसहितको मतदाता नामावलीमा नाम दर्ता गराएका छन्। राष्ट्रिय परिचयपत्रमार्फत मतदाता नामावलीमा नाम दर्ता गराउनेको सङ्ख्या दुई हजार ६६८ पुगेको सूचना अधिकारी केसीले जानकारी दिनुभयो। निर्वाचन कार्यालयको अद्यावधिक विवरण अनुसार २०८३ भदौ १५ गतेसम्म दोलखा जिल्लामा कुल एक लाख ६९ हजार ९१५ मतदाता कायम रहेका छन्। मतदाता नामावलीलाई त्रुटिरहित र विश्वसनीय बनाउन नागरिक स्वयम् सचेत हुनुपर्ने सूचना अधिकारी केसीले बताउनुभयो।

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय
जलस्रोत तथा सिँचाइ विभाग
भूमिगत जल सिँचाक्ष आयोजना, रुपन्देही

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मितिः २०८३।०८।११ (27th November 2026)

यस आयोजनाबाट मिति २०८३/०६/१३ गते गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित सूचना बमोजिम प्राप्त बोलपत्रहरूमध्ये तपसिलका निर्माण व्यवसायीहरूको बोलपत्र सारभूतरूपमा प्रभावग्राही देखिएकाले बोलपत्र मूल्याङ्कन समितिको सिफारिसअनुसार सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) बमोजिम बोलपत्र स्वीकृतिको आशयको ७ (सात) दिने सूचना सम्बन्धित सबै बोलपत्रदाताहरूको जानकारीका लागि प्रकाशित गरिएको छ। **तपसिल**

क्र. सं.	ठेक्का नं.	ठेक्काको विवरण	स्वीकृत बोलपत्रदाताको नाम र ठेगाना	कबोल रकम रु. (पी.एस. र भ्याट बाहेक)
१	GWIPR/ Works/ NCB-01/083-084	Construction of pumphouse with Overhead tank and uPVC pipeline distribution system at Krishnanagar-12, Hariharpur and Construction of buried uPVC pipeline distribution system at Buddhabhumi-03, Mormi in Kapilvastu District	गौराङ्ग कन्स्ट्रक्सन एण्ड इन्जिनियरिङ सर्भिसेज प्रा.लि.टोखा नगरपालिका–०२, काठमाडौँ	६३,५४,८७५.७५
२	GWIPR/ Works/ NCB-02/083-84	Construction of Pumphouse with Overhead tank and buried uPVC pipeline distribution system at Bardaghat-13, Jaynagar and Construction of buried uPVC pipeline distribution system at Bardaghat-14, Dharmabasti in West-Nawalparasi District.	गौराङ्ग कन्स्ट्रक्सन एण्ड इन्जिनियरिङ सर्भिसेज प्रा.लि.टोखा नगरपालिका–०२, काठमाडौँ	७१,०९,८७१.९४
३	GWIPR/ DTW-Works/ NCB-03/083-84	Construction of 8" dia. Deep Tubewell and Pump Test Works at Devdaha Municipality-3 and Tilotama Municipality-13, Rupandehi District.	हिमालय ड्रिलिङ एण्ड कन्स्ट्रक्सन,काठमाडौँ	५४,६१,२००.००

आयोजना प्रमुख

नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
सडक विभाग
संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय, काठमाडौँ
सडक डिभिजन हेटौँडा, मकवानपुर

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशन मिति २०८३/०८/११

यस डिभिजनको मिति २०८३।०५।३० गतेको गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना नं IFB: ०४-२०८३/०८४ अनुसार Hard Copy मार्फत दर्ता हुन आएका बोलपत्रदाताहरूमध्ये तपसिल बमोजिमका बोलपत्रदाताहरूको बोलपत्र सारभूतरूपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) र ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

सि.नं.	ठेक्का नं.	स्वीकृतका लागि छनोट भएका बोलपत्रदाताहरूको नाम र ठेगाना	कवोल रकम (मू.अ.क. र PS बाहेक)
1	RDHTD/33701136/ 2083/084-21	M/S M.S.N. Global Infra Pvt. Ltd., Kageshwori Manohara-04, Kathmandu	NRs. 7,708,605.00
2	RDHTD/33701136/ 2083/084-22	M/S Bishwash Nirman Sewa, Jeetpur Simara-01, Bara	NRs. 7,710,365.00
3	RDHTD/33701136/ 2083/084-23	M/s Dhungeshwori Nirman Sewa & Suppliers Pvt. Ltd., Kathmandu-10	NRs. 7,736,175.00
4	RDHTD/33701136/ 2083/084-24	M/s Nisan Construction, Jeetpur Simara-02, Bara	NRs. 7,745,212.50
5	RDHTD/33701136/ 2083/084-25	M/S Ramananda Construction, Hetauda-05, Makwanpur	NRs. 7,832,036.00

डिभिजन प्रमुख

मटिहानी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धिरापुर महोत्तरी, मधेश प्रदेश, नेपाल

पोखरी ठेक्का बन्दोबस्त सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको २१ दिने सूचना

(प्रथम पटक प्रकाशित मिति २०८३/०८/११)

यस मटिहानी नगरपालिकाको स्वामित्वमा रहेको तपसिलको पोखरीको पानीमा माछा पालन कार्यको लागि सिलबन्दी बोलपत्रद्वारा ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले तपसिल बमोजिमको शर्तको अधिनमा रही मिति २०८३।०९।०३ गते दिनको १२:०० बजे भित्र कबोल अंकको ५% (पाँच प्रतिशत) रकम माछापुच्छ्रे बैंक लि. मटिहानीस्थित नगर कार्यपालिकाको धरौटी खाता नं. ग-३-०६०००६०८६९३०००४१ मा जम्मा गरी सोको सक्कलै बैंक भौचर सहित टिकट रु.१०।- को टाँसी आवश्यक कागजातहरू संलग्न राखी सिलबन्दी बोलपत्र यस मटिहानी नगर कार्यपालिकाको कार्यालय, धिरापुरमा दर्ता गराउनु होला र सो सिलबन्दी बोलपत्रहरू सोही दिन अर्थात् मिति २०८३।०९/०३ गते दिनको २:०० बजे खोलिने छ। बोलपत्र खोलिने बखत बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित रहनुपर्नेछ। उपस्थित नरहेमा पनि बोलपत्र खोलिने कार्य रोकिने छैन र पछि कसैको उजुरी नलाग्ने व्यहोरा समेत सर्वसाधारणका जानकारीका लागि यो सूचना प्रथम पटक प्रकाशित गरिएको छ।

तपसिल

१. ठेक्का अवधि ठेक्का करारनामा गरी चलन पुर्जी लिएको मितिले लगभग ५ (पाँच) वर्षको हुनेछ।
२. यो सूचना प्रथम पटक प्रकाशित मितिले २१ दिन २०८३।०९।०२ गते भित्र रु.३,०००।- (तीन हजार) मटिहानी नगरपालिका, धिरापुर मटिहानी शाखा स्थित माछापुच्छ्रे बैंक लि. मा रहेको आन्तरिक राजश्व खाता नं. (ग–१–१ ०६०००६०८६९३००१२१ मा दाखिला गरेको भौचर, (पछि फिर्ता नहुने गरी) यस कार्यालयबाट बोलपत्र फारम खरिद गर्न सकिने छ। बोलपत्र फारम खरिद गर्दा नेपाली नागरिकता प्रमाण-पत्रको प्रतिलिपि वा सक्कलै अनिवार्य रुपले दिनु पर्नेछ।
३. प्रत्येक पोखरीको छुट्टाछुट्टै बोलपत्र फारम भर्नुपर्नेछ अर्थात प्रत्येक पोखरीको छुट्टाछुट्टै ठेक्का बन्दोबस्त हुनेछ।
४. तल उल्लेखित पोखरीहरूको निम्न बमोजिमको न्यूनतम मोलमा नघटाई दरभाउपत्र भर्नुपर्नेछ। नगरपालिकाको कबोल अंक भन्दा घटी भएमा बोलपत्र अस्वीकृत हुनेछ।

आय ठेक्का नं.	पोखरीको नाम	पोखरी रहेको स्थान	५ (पाँच) वर्षको न्यूनतम मोल	ठेक्काको उद्देश्य	कैफियत
2/M-mun/P/ NCB/082/083	धर्माही पोखरी	मटिहानी न.पा. -७, मटिहानी	रु.२५,७४,०००।- (अक्षरेपी पच्चीस लाख चौह्त्तर हजार मात्र)	माछा पालन	
3/M-mun/P/ NCB/082/083	तिलक दास पोखरी	मटिहानी न.पा. -९, बहुअर्वा	रु. २१,८५,३७०।-(अक्षरेपी एक्काइस लाख पचासी हजार तीन सय सत्तरी मात्र)	माछा पालन	

५. मटिहानी नगर कार्यपालिकाको कार्यालयबाट प्रमाणित र छाप नलागेको बोलपत्र उपर कुनै कारबाही हुने छैन।
६. बोलपत्र फारममा अंक र अक्षरमा केरमेट नगरी स्पष्टसँग लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ।
७. न.पा.को रकम कलम बाँकी रहेका व्यक्ति/ठेकेदार तथा फर्महरूले न.पा. को रकम कलम चुक्ता नगरे सम्म निजलाई बोलपत्र फारम दिइने छैन्।
८. मटिहानी नगरपालिकाबाट प्राप्त निर्देशनलाई सम्बन्धित ठेकेदारले पूर्णरुपले पालन गर्नु पर्नेछ।
९. नेपाल सरकार तथा स्थानीय सरकारलाई तिर्नुपर्ने कर ठेकेदार स्वयंले नै तिर्नुपर्नेछ।
१०. पोखरीको आकार प्रकारमा कुनै किसिमको परिवर्तन गर्न पाइने छैन्।
११. पोखरीको सरसफाइ तथा साना तिना मर्मत र संरक्षण ठेकेदार स्वयले गर्नुपर्नेछ।
१२. तारिक मुकररका दिन अकस्मात विदा परेमा त्यसको भोलिपल्ट दरभाउपत्र खालिने छ।
१३. धरौटी बापत जम्मा गरेको रकम अन्तिम किस्तामा मिन्हा दिइनेछ।
१४. नगरपालिकाले कुनै पनि अवस्थामा ठेक्का रकम मिन्हा र म्याद थप गर्ने छैन।
१५. पोखरीमा कुनै किसिमको विषादी वा दैवी प्रकोप भएमा ठेकेदार स्वयंले जिम्मेवारी लिनुपर्नेछ।
१६. किस्ताको हकमा छौमासिक किस्ता हुनेछ। ठेक्का अवधिभित्र प्रत्येक वर्ष पहिलो किस्ता- वैशाख महिना र दोश्रो किस्ता कार्तिक महिनाभित्र बुझाउनु पर्नेछ।
१७. ठेक्का लिने व्यक्तिले चलन पूर्जी उठाउने अगावै ठेक्का कबोल गरेको रकम बराबरको रकम र ठेक्का मान्य अवधि भन्दा १ महिना पछि सम्मको बैंक ग्यारेन्टी वा परफरमेन्स वण्ड वा धनजमानी राख्नु पर्नेछ।
१८. ठेक्का सदर भएको ७ (सात) दिन भित्र छौ मासिक किस्ता बुझाई सकेपछि चलन पूर्जी दिइनेछ। सो म्याद भित्र चलन पूर्जी पट्टा नउठाएमा स्वतः ठेक्का बदर हुनेछ र सो बापत राखेको धरौटी जफत हुनेछ।
१९. म्याद नाघी र रीत नपुगी प्राप्त भएको दरभाउपत्र उपर कुनै कार्बाही गरिने छैन्।
२०. नगरपालिकाले ठेक्का अवधिमा पोखरी जिर्णोद्वार तथा अन्य आवश्यक काम गर्न आवश्यक ठानेमा ठेकेदारले गर्न दिनुपर्नेछ। सो कार्य गरेवापत कुनै किसिमको क्षतिपूर्ति दाबी गर्न पाइने छैन।
२१. ठेक्का सदर गर्ने वा नगर्ने सम्पूर्ण अधिकार नगर कार्यपालिकाको कार्यालयमा सुरक्षित रहनेछ।
२२. यस सूचना मा उल्लेखित नभएका शर्तहरुको हकमा प्रचलित आर्थिक ऐन नियम बमोजिम हुनेछ।
२३. यस सम्बन्धी अन्य कुरा जानकारी लिनुपर्ने भएमा यस नगर कार्यपालिकाको कार्यालय, धिरापुर महोत्तरीमा कार्यालय समय भित्र सम्पर्क राख्नुपर्नेछ।